# नाईरोवी घोषणा पत्र-२०१४

आज मिति २०१४ मार्च २ (तदनुसार फागुन १६, २०७०) मा केन्याको राजधानी नाईरोवीमा आयोजना भएको गैरआवासीय नेपाली संघ, अफ्रिका क्षेत्रीय बैठकमा निम्न ९ बुँदे 'नाईरोवी घोषणा पत्र' जारी गरिएको छ ।

१) गैरआवासीय नेपाली संघ, अर्न्तराष्ट्रिय समन्वय परिषदको २०१३-२०१५ को कार्यकालमा अफ्रिका क्षेत्रमा कम्तिमा थप ३ वटा राष्ट्रिय समन्वय परिषद्हरु गठन गर्न यो बैठक प्रतिबद्धता व्यक्त गर्दछ,

२) बैदेशिक रोजगारसम्बन्धी सकारात्मक सोच राख्दै अफ्रिकामा भएका राष्ट्रिय समन्वय समिति ( **NCC**) माफ्र सहकार्य र समन्वय गरी बैदेशिक रोजगारसँग सम्बद्ध सूचनाहरु संलग्न गर्दै आदानप्रदान र संप्रेषण गर्ने,

३) नेपालमा लगानीमैत्री वातावरण तयार गर्न वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन **(FITTA-1992)** लाई समयानुकुल परिवर्तन र परिमार्जन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने,

४) देशमा लगानीमैत्री वातावरण तय गर्न वैदेशिक लगानीसम्बन्धी सम्पूर्ण कार्यहरु नीतिमा मात्र नभई व्यवहारमा समेत एकद्धार प्रणाली कार्यान्वयन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने,

५) अफ्रिका क्षेत्रबाट नेपालमा वैदेशिक लगानीकर्ताहरुलाई नेपालमा लगानीका निम्ति प्रोत्साहित गर्ने,

६) नियमित रुपमा अफ्रिका क्षेत्रीय बैठक आयोजना गर्ने,

७) गैरआवासीय नेपाली संघ, अफ्रिका सूचना कक्षको व्यवस्था गर्ने साथै उक्त कार्यलाई वेवसाइटमा समावेश गरी समयानुकुल परिमार्जन गरिरहने,

८) अफ्रिका क्षेत्रका लागि यस क्षेत्रका NCC हरुको सहकार्यमा आकस्मिक राहत कोष स्थापना गर्ने । यो कोषको सुरुवातका लागि ICC अध्यक्ष शेष घलेज्यूबाट २००० डलर, अफ्रिका क्षेत्रीय संयोजक हिक्मत थापाज्यूबाट ५०० डलर, NCC केन्याबाट ५०० डलर, NCC जाम्बियाका अध्यक्ष बिदूर खनालज्यूबाट २०० डलर, NCC युगान्डाका अध्यक्ष रमेश कँडेलज्यूबाट २०० डलर, NCC तान्जानियाका पूर्व अध्यक्ष भरत रिजालज्यू बाट ५०० डलर, र दक्षिण अफ्रिकास्थित राजदुत अरुणप्रसाद धितालज्यूबाट बाट २०० डलर गरी (जम्म ४१ सय डलर) संकलन भएको छ ,

९) अफ्रिकामा नेपाली लगानीकर्ताहरुलाई लगानी गर्न प्रोत्साहित गर्ने ।